शिक्षा लागि विश्वव्यापी अभियान

संयुक्त राष्ट्रसंघीय बालिका शिक्षा प्रयास

www.campaignforeducation.org

(United Nations Girls' Education Initiative)

प्रिय प्रधानाध्यापक, शिक्षक अथवा सहपाठी मित्र

**विषयः संयुक्त राष्ट्रसंघीय बालिका शिक्षा प्रयास विश्वव्यापी अभियानको - 'ठूलो-कथा पाठ' सम्बन्धमा**

**२०११ विश्वव्यापी कारवाही सप्ताहः "ठूलो-कथा" पाठ योजना**

"यो एउटा अधिकार हो, यसलाई अधिकार बनाऔं! बालिकाहरु र महिलाहरुका लागि शिक्षा अहिले !"

पूर्वी एशिया प्रशान्त क्षेत्रीय संयुक्त राष्ट्र संघीय बालिका शिक्षा प्रयासले शिक्षाका लागि विश्वव्यापी अभियानसंग काम गरिरहेको छ र तपाईको विद्यालयलाई **सन् २०११, २ देखि ८ मइका बीचमा हुन गइरहेको ठूलो कथा पाठ** मा भाग लिन आमन्त्रण गर्दछ । विश्वभरीका १०० भन्दा बढी देशहरुका, लाखौं बालबालिकाहरु तथा प्रौढहरुले असाधारण महिलाहरु तथा बालिकाहरुका प्रेरणादायी कथाहरु श्रवण गर्न यस ठूलो कथामा भाग लिइरहेका हुनेछन् जसमध्ये केहीले उनीहरु विरुद्धका तमाम प्रतिकूल अवस्थाका बाबजूद पनि विद्यालयको पढाई पूरा गर्न सके । हामीलाई आशा छ कि तपाईको विद्यालयले यस महत्वपूर्ण पाठमा भाग लिनेछ र यो सहभागीहरुको लागि उत्तिकै शिक्षाप्रद र मनोरञ्जनात्मक हुनेछ ।

'ठूलो कथा पाठ' महिलाहरु र बालिकाहरुले शिक्षा पाउनुको महत्व बारे हो । धेरै महिलाहरु र बालिकाहरुले लेख्न पढ्न सक्दैनन् किनभने उनीहरु कहिले पनि विद्यालय गएनन् । केही विद्यालय त गए तर छोड्नु पऱ्यो किनभने उनीहरुलाई विद्यालय पठाउन पैसा थिएन । नेताहरुले बाचा गरेका छन् कि उनीहरुले महिलाहरु र बालिकाहरुलाई विद्यालय पठाउन सम्भव हुने अवस्थाहरु सृजना गर्नेछन् र हामीलाई आशा छ कि यो बाचा सन् २०११ मा पूरा हुनेछ ।

तपाईको विद्यालयका शिक्षकहरु र बालबालिकाहरुले विश्वका लाखौं अन्यसंग सामेल हुने अवसर पाउनु हुनेछ र यस सनसनीपूर्ण विश्वव्यापी घटनाको अंग हुनु हुनेछ । पाठ योजनाको अनुभवलाई क्षेत्रभरीका राष्ट्र संघीय बालिका शिक्षा प्रयासका साझेदारहरु बीच विशेष गरी पाठको अन्तमा चित्र कार्यकलापद्वारा आदान प्रदान गरिने छ । पाठको अन्तमा तपाईले आफ्नो सहभागितालाई 'औनलाईन' मा विधिसम्मत पार्नु हुनेछ भन्ने हामी चाहन्छौं जसले गर्दा तपाईको विद्यालयको विश्वभरका हजारौं अन्य विद्यालयहरुसंग गणना हुनेछ ।

हामीले तपाईलाई 'ठूलो कथा पाठ' मा भाग लिन मद्दत पुऱ्याउनका लागि केही सामग्रीहरु तयार पारेका छौं ।

- ठूलो कथा पाठ योजना ।
- चित्र बनाउने कार्यकलाप सम्बन्धी निर्देशनहरु ।

हामीलाई आशा छ तपाईले प्रत्येक बालिका र महिलाहरुलाई शिक्षा हासिल गर्न एउटा अवसर प्रदान गर्न सहयोग पुऱ्याउने यस उल्लासपूर्ण कार्यकलापमा भाग लिनु हुनेछ ।

तपाईको शुभेच्छुक,

संयुक्त राष्ट्रसंघीय बालिका शिक्षा प्रयास

# (United Nations Girls' Education Initiative)

**२०११ विश्वव्यापी कारवाही सप्ताहः "ठूलो-कथा" पाठ योजना**

"यो एउटा अधिकार हो, यसलाई अधिकार बनाऔं! बालिकाहरु र महिलाहरुका लागि शिक्षा अहिले !"

## उद्देश्यहरु

१. लाखौं बालबालिकाहरु र प्रौढहरुलाई विद्यालय जाने अवसर कहिले पनि प्राप्त भएको छैन र यसमध्ये अधिकाँश महिलाहरु र बालिकाहरु छन् भन्ने सत्य तथ्यमा छलफल गर्ने ।

२. चेतना जगाउने र विद्यार्थीहरुलाई लैङ्गिक दृष्टिकोणबाट विश्वलाई नियाल्न प्रोत्साहित गर्ने ।

३. विश्वका नेताहरुले गरेका बाचाहरु र उनीहरुले यी बाचाहरु पूरा गर्न काम गरेका छैनन् भन्ने सत्यतथ्यमा छलफल गर्ने ।

४. विद्यार्थीहरुले कसरी यस विश्वव्यापी प्रयासको अंगका रुपमा संदेश पठाउन सक्दछन् भन्ने कुरा देखाउने ।

पाठको अन्तमा सहभागीहरुले:

- बालिकाहरुलाई शिक्षा दिनाले प्राप्त हुने फायदाहरुबारे बुझ्नेछन् ।
- विश्वका विभिन्न भागमा बालबालिकाहरुको दिन चर्याका विभिन्नतालाई स्वीकार गर्नेछन् ।
- बालिकाहरुले उनीहरुलाई विद्यालय जान सघाउने कुराहरु र विद्यालय बाहिर राख्ने बाधारहरु बारे बुझ्नेछन् ।

## खण्ड क

### भाग क परिचय (५ मिनेट)

विश्वका केही प्रख्यात महिलाहरुका साथ विश्वभरका देशहरुका बालबालिकाहरुले शिक्षा प्राप्त नगरेका लाखौं महिलाहरु र बालिकाहरुसंग काँधमा काँध मिलाई ठूलो कथा पाठमा भाग लिईरहेका छन् भन्ने कुरा शिक्षकले बयान गर्नेछन् ।

शिक्षकले कक्षालाई सोध्ने छन् कि के उनीहरुलाई थाहा छ - कति जना मानिसहरु विद्यालय बाहिर छन् र त्यसमध्ये कति जना महिलाहरु र बालिकाहरु छन् ।

शिक्षकले केही आधारभूत तथ्यहरु एक आपसमा बाड्न सक्नेछन् ।

- विश्वभरी ७ करोड २० लाख बालबालिकाहरु विद्यालय बाहिर छन्,
- यिनीहरु मध्ये ५४% (करिव ३ करोढ ९० लाख) बालिकाहरु छन्, र
- निरक्षर प्रौढहरुमध्ये दुई तिहाई महिलाहरु छन् ।

एउटा अशिक्षित बालिकाका लागि निम्नलिखित सम्भावनाहरु बढी रहन्छन् :

- चाँडै विहा गर्ने,
- कुपोषणयुक्त बालबालिकाहरु जन्माउने र बालबालिकाहरुलाई रोगी बनाउने, र
- गरिब हुने ।

शिक्षकले उनीहरुलाई सोध्ने छन् कि के उनीहरुले कुनै यस्ती महिला वा बालिकालाई चिनेका छन् र जसले केही उल्लेखनीय काम गरेकी छिन् । के यी महिला विद्यालय गएकी थिइन् ?

## भाग ख - लैङ्गिक भूमिकाहरु र शिक्षा

शिक्षकहरुले सोध्ने छन् कि के सहभागीहरुले ती अवस्थाहरुको पहिचान गर्न सक्दछन् जसले शिक्षामा लैङ्गिक असमानतालाई निरन्तरता दिइरहेका छन् ।

शिक्षकले विकासशील देशहरुमा महिलाहरुका लागि शिक्षाका अवसरहरुको महत्वबारे भन्न लगाउने छन् ।

(उच्च कक्षाहरुमा बाल अधिकार महासन्धिबारे छलफल गर्नु होस्) छोटो सारसंक्षेप:

- बाल अधिकार महासन्धित सन् १९९८९ मा स्वीकृत गरिएको थियो र मानव अधिकारका सम्पूर्ण पक्षहरुलाई समेट्ने पहिलो बन्धकारी बैधानिक अन्तर्राष्ट्रि हतियार हो ।
- यसले सवैलाई ठाउँका बालबालिकाहरुका, उनीहरुको अवस्था, धर्म, जाति इत्यादि जे सुके भएपनि आधारभूत मानव अधिकारहरुको उल्लेख गरेको छ । यसमा निम्नलिखित अधिकारहरु समावेश छन् : जिउन पाउने, सम्पूर्ण रुपमा विकसित हुने, हानिकारक प्रभावहरु, दुरुपयोग र शोषणबाट संरक्षण पाउने र पारिवारिक, सांस्कृतिक र सामाजिक जीवनमा पूर्ण रुपमा सहभागि हुने अधिकार । महासिन्धका चारवटा प्रमुख सिद्धान्तहरु हुन् - विभेदको अन्त्य, बालबालिकाको सर्वोपरि अभिरुचि प्रति लगाव, जीवन, जिउन पाउने र विकासको अधिकार, तथा बालबालिकाको दृष्टिकोणको आदर गर्ने ।
- महासन्धिमा हाल १९४ वटा देशहरुले हस्ताक्षर गरिसकेपछि यसले झण्डै विश्वव्यापी स्वीकृति प्राप्त गरेको छ ।
- महासन्धिका प्रावधानहरुलाई लागू गर्ने मञ्जूरी गरेर (यस्मा हस्ताक्षर गरेर वा स्वीकृति जनाएर) राष्ट्रिय सरकारहरुले बालबालिकाहरुको अधिकारहरुको संरक्षण गर्ने र सुनिश्चित गर्ने आफ्नो बचनबद्धता व्यक्त गरेका छन् र उनीहरुले यस बचनबद्धताप्रति आफूले जवाफदेहि हुने मञ्जूरी अन्तर्राष्ट्रिय समुदायिका साम‍ु दिएका छन् ।

शिक्षकले अल्पविकासित देशहरुको भूगोल, विभिन्न संस्कृतिहरु र त्यहाँका बालबालिकाहरुको जीवनशैलीबारे केही ज्ञानको आदान प्रदान र छलफल गर्ने छन् ।

शिक्षकले सहभागीहरुलाई उनीहरुको विचारमा शिक्षामा महिला र पुरुषहरुका लागि समान अवसरहरुको प्रवर्द्धन गर्नका लागि के गर्न सकिन्छ भन्ने कुरा सोध्ने छन् ।

शिक्षकले सहभागीहरुलाई उनीहरुलाई थाहा भएका केही कामहरुको नाउँ भन्न लगाउने छन् र सोध्ने छन् कि के यी कामहरु पुरुषहरु/महिलाहरुका लागि तोकिएका छन् ।

शिक्षकले उनीहरुलाई उनीहरुले घरमा के के काम गर्नु पर्दछ भन्ने कुरा सोध्ने छन् । के केही कामहरु पुरुषहरु/महिलाहरुले तोकिएर गर्ने गरेका छन् ? के यो विभाजन सही छ ?

शिक्षकले सहभागीहरुलाई सोध्ने छन् कि उनीहरुलाई कस्तो लाग्ला यदि उनीहरुका आमाबुवाहरुले उनीहरुलाई भन्यो कि उनीहरुले विद्यालय जान पाउने छैनन् किनभने घरमा धेरै काम छ ।

शिक्षकले सहभागीहरुलाई सोध्ने छन् कि शिक्षा अध्ययन किन जरुरी छ र किन केही बालबालिकाहरु, विशेषगरी बालिकाहरु, विद्यालय जाँदैनन् ।

केही उत्तरहरु निम्नलिखित हुन सक्दछन् :

- *केही बालबालिकाहरु द्वन्द्वग्रस्त क्षेत्रहरुमा निवास गर्दछन् अथवा दैवी विपत्तिबाट पीडित छन्,*
- *केही संस्कृतिहरुमा यदि शिक्षाका लागि खर्च सीमित छ भने बालिकाहरुलाई प्राथमिकता दिईदैन,*
- *बालिकाहरु घरको काममा समर्पित होउन भनी उनीहरुलाई विद्यालय छाड्न बाध्य पारिन्छ र चाँडै विवाह गर्न लगाइन्छ,*
- *केही बालबालिकाहरु विद्यालयबाट धेरै टाढा निवास गर्दछन् र उनीहरुका लागि विद्यालय पुग्न खतराजनक हुन सक्दछ जसका कारण उनीहरुका घरमै बस्दछन् । बालिकाहरु, विशेषगरी यातना र हिंसाका निसाना हुन सक्दछन्,*
- *गरिवी: केही बालबालिकाहरुलाई बाल श्रमिक भएर आफ्नो परिवारको आमदानीमा योगदान पुर्‍याउन बाध्य पारिन्छ,*
- *उनीहरुसंग पुस्तकहरु र पोशाकहरु किन्न पैसा हुँदैन,*
- *उनीहरुसंग विद्यालयको शुल्क तिर्न पैसा हुँदैन,*
- *सबै जनालाई विद्यालयमा भर्ना गर्न पर्याप्त विद्यालयहरु छैनन्, र*
- *शिक्षकहरु पर्याप्त छैनन् ।*

**भाग ग - यसबारेमा के गर्न सकिन्छ (१० मिनेट)**

शिक्षकले सहभागीहरुलाई उनीहरुको विचारमा बालिकाहरुलाई विद्यालय पठाउन झन सजिलो बनाउन के गर्नु पर्ला, भन्न लगाउने छन् ।

केही उत्तरहरु निम्नलिखित हुन सक्दछन् :

- विकासशील देशहरुमा बालिका शिक्षाका लागि सरकारी सहयोगमा बृद्धि गर्ने,
- बालिकाहरुको गोपनीयताको रक्षा गर्न सरसफाईका सुविधाहरु प्रदान गर्ने ,
- चित्रणहरुबाट बालिकाहरुलाई आफू कमजोर छु भन्ने भावना जगाउने किसिमका रुढिबद्ध धारणाहरु हटाउने,
- शिक्षाका लागि विद्यालय शुल्क र अन्य अदृश्य खर्चहरु हटाउने, र
- बालकहरु र पुरुषहरुलाई महिलाहरु र बालिकाहरुको शिक्षाका लागि अधिवक्ता हुन प्रोत्साहित गर्ने ।

शिक्षकले सम्पूर्ण कक्षालाई निम्नलिखित प्रश्नहरु गर्नेछन् । यदि कुनै राजनीतिज्ञ भेटिएमा, तपाईले उनलाई केही प्रश्नहरुको उत्तर दिन अनुरोध गरी बोलाउन सक्नु हुनेछ ।

- *विश्वमा कति बालबालिकाहरु विद्यालय गएका छैनन् ?*
- *शिक्षाको कुरा गर्दा कुन समूह सबैभन्दा पछि परेको छ ?*
- *कुनै एउटा प्रख्यात महिलाको नाम भन्नु होस् जुन शिक्षित हुनुहुन्छ?*
- *शिक्षा किन महत्वपूर्ण छ केही कारणहरु बताउनु होस्?*
- *बालकहरु र बालिकाहरुका लागि शिक्षामा सुधार गर्न के गरिनु पर्दछ?*

**भाग घ : कार्यकलापहरु (३० मिनेट)**

शिक्षकले सहभागीहरुलाई बालिकाहरुलाई शिक्षा दिन किन जरुरी छ भन्ने कारणहरुमा विचार गर्न लगाउने छन् । एउटा चित्रण/रेखा चित्रको मद्दतले विद्यार्थीहरुलाई निम्न लिखित प्रश्नको उत्तर दिन लगाउनु होस् : (बालिका शिक्षाले हामी सबैलाई कसरी मद्दत पुऱ्याउँदछ ?

कृपया थप निर्देशनहरुका लागि सलंग्न चित्र प्रतियोगिताबारे जानकारी हेर्नु होस् । ( चित्र प्रतियोगिता स्वेच्छिक आधारमा हुनेछ । कार्यकलाप प्रतियोगितामा प्रवेश नगरेर पनि गर्न सकिन्छ, अर्थात् बालबालिकाहरु र विद्यालयहरुले चित्रहरु आफूले राख्न सक्दछन्) ।

केही उदाहरणहरु निम्नलिखित हुन सक्दछन्:

- शिक्षित बालिका शिक्षित महिला भएर हुर्किन्छे र उनी अपेक्षाकृत बढी स्वस्थ र आर्थिक रुपले सशक्त हुने सम्भावना बढी हुन्छ तथा उनका बालबच्चाहरुले विद्यालय जाने सम्भावना बढी रहन्छ,
- शिक्षित महिलाहरुले आफ्नो र आफ्ना बालबालिकाहरुको स्वास्थ्यको अपेक्षाकृत राम्रो हेरचाह गर्दछन्, र
- चाडो हुने विवाहहरु टाल्न सकिन्छन् र एड्स जस्ता रोगका घटनाहरु कम हुन्छन् ।

शिक्षकले कक्षालाई यदि बालिकाहरु कहिले पनि विद्यालय गएनन् भने उनीहरुको जीवन कस्तो होला भन्ने कल्पना गर्न लगाउने छन् ?

*शिक्षकले २-३ जना बालबालिकाहरुलाई शिक्षा नलिनुका प्रभावहरुबारे भन्न लगाउने छन् ।*

शिक्षकले बालिकाहरु लगायत प्रत्येकलाई शिक्षा दिनुका फायदाहरुका उदाहरण पेश गर्नेछन् । केही उदाहरणहरु निम्नलिखित हुन सक्दछन् :

- *शिक्षित व्यक्तिहरु अपेक्षाकृत स्वस्थ व्यक्तिहरु हुन्छन् किनभने उनीहरुले जीवनमा अपेक्षाकृत स्वस्थकर निर्णयहरु गर्ने छन् र उनीहरुलाई स्वस्थ जीवन सम्बन्धी सूचनाको जानकारी पनि हुन्छ ।*
- *शिक्षाले भोकको मुकावला गर्दछ । शिक्षित महिलाहरुले राम्रो पोषणयुक्त बालबालिकाहरुलाई जन्म दिने सम्भावना बढी रहन्छ ।*
- *शिक्षाले जीवन बचाउँछ । एउटा शिक्षित महिलाबाट जन्मिएको बालबालिका पाँच वर्षको उमेरसम्म बाँच्ने सम्भावना दुई गुणा बढी रहन्छ ।*
- *शिक्षाले गरिबीको अन्त गर्न मद्दत पुऱ्याउँछ ।*

शिक्षकले कक्षालाई भन्न लगाउने छन् कि उनीहरुको विचारमा के सबै महिलाहरु र बालिकाहरुले विद्यालय जाने अवसर नपाउन् भन्ने सही हो ।

# चित्र प्रतियोगिता

# २०११

"कसरी बालिका शिक्षाले हामी सबैलाई मद्दत पुऱ्याउँछ ?"

संयुक्त राष्ट्र संघीय बालिका शिक्षा प्रयासका साझेदारहरु, पूर्वी एशिया तथा प्रशान्त क्षेत्र तथा दक्षिण एशिया, शिक्षामा लैङ्गिक समानताको प्रवर्द्धन गर्ने विषयमा तेश्रो प्रतियोगितामा भाग लिनका लागि आमन्त्रण गर्न पाउँदा हर्षित छन् ।

यसवर्ष तपाईलाई कसरी बालिका शिक्षाले हामी सबैलाई मद्दत पुऱ्याउन सक्दछ भन्ने विषयमा आफ्ना विचार चित्रित गर्ने चित्रहरु पेश गर्न स्वागत गर्दछौं ।

पुरस्कारहरुः

- बिजेता १३ वटा चित्रहरुलाई संयुक्तराष्ट्र संघीय बालिका शिक्षा प्रयास (पूर्वी एशिया प्रशान्त क्षेत्र र दक्षिण एशिया) का "शिक्षामा लैङ्गिकता, कैलेण्डर २०१२" मा चित्रण गरिनेछ, जुन एशिया प्रशान्त क्षेभरी व्यापक रुपमा वितरण गरिनेछ ।
- प्रतियोगिता विजेताहरुले योग्यताको औपचारिक प्रमाणपत्रहरु प्राप्त गर्ने छन् ।
- विजेता चित्रहरुलाई संगठनहरुका सम्बन्धित *वेभसाईट* हरुमा पनि राखने छ । यसकासाथै विजेता चित्रहरु र प्रतियोगताका अन्य सबैनामहरुलाई संयुक्त राष्ट्र संघीय बालिका शिक्षा प्रयासका सबै साझेदार संस्थाहरु का सम्बन्धित प्रकाशनहरु, प्रस्तुतिहरु, *वेभसाइटहरु,* तथा प्रवर्द्धनात्मक तथा प्रचारात्मक सामग्रीहरुमा प्रयोग गरिनेछ ।

चित्रहरु स्म्बन्धी विस्तृत विवरण

- चित्रहरुले "कसरी बालिका शिक्षाले सबैलाई मद्दत पुऱ्याउँछ" भन्ने विषयमा प्रतिस्पर्द्धीहरुका विचारहरुलाई चित्रण गर्नु पर्दछ ।
- चित्रहरु A4 साईजमा प्रस्तुत गर्नु पर्दछ ।
- चित्रहरु रंगिन वा स्याम/श्वेत हुन सक्दछन् ।
- तपाईले आफूले चाहे अनुसार कुनै पनि सामग्री प्रयोग गर्न सक्नु हुन्छ ( क्रेयोन्स, शीशाकलम, रंग इत्यादि)
- चित्रहरुले निम्नलिखित कुराहरु चित्रण गर्न सक्द छन्, उदाहरणका लागिः

- खेलकूद कार्यकलापहरु
- घरका कार्यकलापहरु
- संगसंगै खेलिरहेका
- विद्यालय वातावरण

प्रकाशन अधिकार

एउटा चित्र पेश गरेर प्रतियोगीले राष्ट्र संघीय बालिका शिक्षा प्रयासका आयोजक संस्था सदस्यहरुलाई (पूर्वी एशिया प्रशान्त क्षेत्र तथा दक्षिण एशिया) आफ्नो दाखिला गरेको नाम, देशको नाम तथा उमेरको माथि उल्लिखित संगठनहरुका कामहरुका संग सम्बन्धित प्रकाशनहरु, प्रस्तुतिहरु, *वेभसाईटहरु,* कार्यपत्रहरु तथा प्रवर्द्धनात्मक सामग्रीहरुमा विना कुनै क्षतिपूर्ति सूचना अथवा अनुमतिले प्रयोग गर्ने अधिकारको स्वीकृति प्रदान गर्दछ ।

कुन भाग लिन योग्य छ ?

- एशिया तथा प्रशान्त क्षेत्रका सबै राष्ट्रका निवासीहरुलाई प्रतियोगिता खुल्ला छ ।
- प्रतियोगी १८ वर्ष वा सो भन्दा कम उमेरको हुनु पर्दछ ।
- बालिकाहरु र बालकहरुलाई समान रुपमा सहभागी हुन प्रोत्साहित गरिन्छ ।

प्रविष्टिहरुको संख्या

प्रत्येक सहभागीले एक वा एकभन्दा बढी चित्रहरु पेश गर्न सक्दछन् ।

कसुरी पेश गर्ने ?

कृपया यस साथ रहेको वैयक्तिक सूचना फाराम भर्नु होस् र प्रत्येक चित्रको पछाडि आफ्नो पूरा नाम, उमेर, लिङ्ग र देश उल्लेख गर्नु होस् ।

चित्रहरुको दाखिलाले सहभागीहरुको पहिलो नाम, उमेर र देशलाई राष्ट्र संघीय बालिका शिक्षा प्रयासका प्रकाशनहरु र *वेभसाईटहरुमा* उल्लेख गर्न स्वीकृति दिएको ठहरिनेछ । अन्य परिचयात्मक सूचना प्रकाशित गरिने छैन ।

चित्रहरुलाई पानाका आकारमा वा *डिजिटलमोड* कुनै रुपमा प्रस्तुत गर्न सकिनेछ :

कृपया आफ्ना चित्रहरु हुलाकद्वारा निम्न ठेगानामा पठाउनु होस् :

युनेस्को बैंकक

अपील एकाई

९२० सुकुम्भिट रोड, प्राकानोङ्ग, क्लोङ्गटोय,

बैंकक १०११०, थाइलैण्ड

अथवा निम्न ठेगानामा इमेले गर्नु होस् ।

gender.bgk@unesco.org

(चित्रहरुको *डिजिटल* दाखिला TIFF, EPs अथवा JPEG *फार्मेटमा* कम्तीमा ३०० dpi को *रिजोलुशन* (Resolution) मा हुनु पर्दछ) ।

दाखिला गर्ने अन्तिम मिति

सबै दाखिलाहरु १ अगष्ट २०११ सम्ममा प्राप्त भैसक्नु पर्दछ ।

*भोटिङ्ग*

प्राप्त भएका सबै चित्रहरु दुई *राउण्डको भोटिङ्ग* प्रक्रियामा समावेश गरिने छन् : १) पहिलो *राउण्डको भोटिङ्ग* संयुक्त राष्ट्र संघीय बालिका शिक्षा प्रयासका साझेदारहरुद्वारा गरिनेछ, २) दोस्रो *राउण्डको भोटिङ्ग अनलाइनमा* आयोजना गरिनेछ र सर्वसाधारणका लागि खुला गरिनेछ ।

विजेता चित्रहरुको घोषणा नोभम्वर २०११ मा गरिनेछ ।

थप जानकारीका लागि कृपया निम्न ठेगानामा लेख्नु होस्:

gender.bgk@unesco.org

# दोस्रो पाना

## चित्र प्रतियोगिता

२०११

"कसरी बालिकाहरुको शिक्षाले हामीलाई मद्दत पुऱ्याउँदछ?"

दाखिला फाराम

प्रत्येक चित्रका लागि र प्रयेक प्रतियोगीका लागि कृपया अंग्रेजीमा उल्लेख गर्नु होस्:

पहिलो नाम :

परिवारको नाम :

उमेर :

लिङ्ग :

देश :

हुलाकको ठेगाना :

इमेलको ठेगाना :

चित्रहरुहरुको दाखिलाले सहभागीको पहिलो नाम, उमेर र देशको उल्लेख गर्न स्वीकृति जनाएको ठहरिनेछ । अन्य कुनै परिचयात्मक सूचनाको प्रयोग गरिने छैन ।

बालबालिकाको हस्ताक्षर ................

संरक्षक/शिक्षकको हस्ताक्षर ................